नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# जल तथा मौसम विज्ञान विभाग

पत्र संख्या :
च.नं. :

मितिः २०८१/१२/२६

## प्रेस विज्ञप्तीः नेपालको हालको वायुप्रदुषणमा मौसमको अवस्था

यस बर्ष मनसुन पश्चात पोष्ट-मनसुनको अवधि (अक्टोभर देखि नोभेम्बर २०२४) मा देशभर सरदर (६४.० मि.मि.) भन्दा १९.६% न्यून वर्षा भएको तथा तापक्रम सरदर (२०.१ डिग्री सेल्सियस) भन्दा ०.७ डि.से. बढी रहेको थियो। त्यसैगरी हिउँद अवधि (डिसेम्बर २०२४ देखि फेब्रुअरी २०२५) मा देशभर सरदर (६०.४ मि.मि.) भन्दा ७९.४% न्यून वर्षा भएको र तापक्रम सरदर (१३.५ डि.से.) भन्दा ०.५ डि.से. बढी रहेको थियो। गएको मार्च महिनामा समेत देशभरको सरदर वर्षा (३२.२ मि.मि.) मा २९.५% ले कमी आएको तथा तापक्रममा सरदर (१८.८ डि. से.) भन्दा ०.८ डि. से. बढी मापन भएको थियो। मौसम केन्द्रहरुबाट प्राप्त तथ्याङ्क अनुसार चैत्र ९ र १० (मार्च २२ र २३) गते देशका अधिकांश भू-भागमा हल्का देखि मध्यम वर्षा भएकोमा तत्-पश्चातको अवधिमा पर्याप्त बर्षा हुन सकेको छैन। साथै पश्चिमी वायुको प्रभाव ज्यादै कमजोर रहेकोले विगत लामो समयदेखि देशभर पर्याप्त वर्षा नभएको तथा तापक्रममा वृद्धि भएको कारणले वायुमण्डल सुख्खा रहेको छ। जसको फलस्वरुप तुवालोको प्रभावले वायुमण्डलको पारदर्शिता (Visibility) समेत न्यून हुन गई हालको वायुप्रदुषणको अवस्थालाई थप जोखिमयुक्त अवस्थामा पुर्याउन भूमिका खेलेको देखिन्छ।

अप्रिल महिनाको जलवायु आँकलन अनुसार सरदर (५८.७ मि.मि.) वा सरदर भन्दा कम वर्षा हुन सक्ने संभावना रहेको छ। आगामी तीन दिन देशका पहाडी क्षेत्रहरुमा बर्षाको सम्भावना भएपनि देशभरको मौसममा अपेच्छित सुधार हुने अवस्था नदेखिएकोले मौसम सम्बन्धी जानकारी अध्यावधिक हुनहुन तथा आवश्यक सतर्कता अपनाउन हुन यस विभाग सबैमा हार्दिक अपिल गर्दछ।

प्रवक्ता
बिभूती पोखरेल

बबरमहल, काठमाडौं ☎०१४२१९०५२, ०१४२१५३९६, ०१४२५८२२४, ०१२५८२७६, ०१४२१५१३१ फ्याक्सः ०१४२६४२१९, पो.ब.नं. ४०६
ईमेलः dg@dhm.gov.np वेवः www.dhm.gov.np